संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार २४ गते शुक्रबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला बि.क.
२. मा० श्री भरत कुमार शाह
३. मा० श्री भीमसेनदास प्रधान
४. मा० श्री भुपेन्द्र बहादुर थापा
५. मा० श्री महेन्द्र कुमारी लिम्बु
६. मा० श्री मायादेवी न्यौपाने
७. मा० श्री मिनबहादुर विश्वकर्म
८. मा० श्री मिना सुब्बा
९. मा० श्री यज्ञबहादुर बोगटी
१०. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
११. मा० श्री रंगमती शाही
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री राजेन्द्र कुमार राई
१४. मा० श्री राजेन्द्र प्रसाद गौतम
१५. मा० श्री रामबहादुर विष्ट
१६. मा० श्री रेनुका गुरुङ्ग

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिका मा० ज्येष्ठ सदस्य श्री मुकुन्द न्यौपानेले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तत्पश्चात मिति २०७९ असार २१ को मन्त्रिपरिषद्को निर्णयानुसार "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७५" फिर्ता लिने सूचना प्राप्त भएकोले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (३) बमोजिम "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७५" फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (४) बमोजिम विधेयकलाई फिर्ता लिने प्रस्तावको कसैले विरोध गरेमा प्रस्ताव गर्ने र विरोध गर्ने सदस्यलाई सभामुखले संक्षिप्त वक्तव्य दिन अनुमति दिने व्यवस्था अनुसार समय दिनुहुँदा उक्त विधेयक फिर्ता लिने प्रस्तावको विरोधको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले संक्षिप्त वक्तव्य दिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० डा० भिमबहादुर रावल
३. मा० श्री शेरबहादुर तामाङ्ग
४. मा० श्री अमनलाल मोदी
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री कृष्णप्रसाद दाहाल
८. मा० श्री विद्या भट्टराई
९. मा० श्री बिमला वि.क.
१०. मा० श्री हृदयेश त्रिपाठी
११. मा० श्री विना कुमारी श्रेष्ठ
१२. मा० श्री विन्दा पाण्डे
१३. मा० श्री विमला विश्वकर्मा
१४. मा० श्री शान्ता चौधरी
१५. मा० श्री झपट बहादुर रावल
१६. मा० श्री कृष्णबहादुर राई
१७. मा० श्री एकवाल मियां

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले विधेयक फिर्ता लिने प्रस्तावको विरोधको क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तत्पश्चात उक्त विधेयक फिर्ता लिने प्रस्तावको विरोध गर्नुहुने उल्लिखित मा० सदस्यहरु मध्ये मा० श्री अमनलाल मोदीले आफ्नो विरोधको प्रस्ताव फिर्ता लिनुभएको र अन्य मा० सदस्यहरुले आफ्नो

विरोधको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले निर्णयार्थ पेश गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

यसैबीच सम्माननीय सभामुखले मा० श्री हृदयेश त्रिपाठीलाई आफ्नो विरोधको प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा उहाँले आफुले विरोधको प्रस्ताव दर्ता नगराएको र विधेयक फिर्ता लिने प्रस्तावमाथि आफ्नो धारणा राखेको जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले मा० सदस्यलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (३) र (४) को जानकारी गराउनु हुँदै विधेयक फिर्ता लिने प्रस्तावको विरोध गर्न चाहनुहुने मा० सदस्यहरुको लागि संक्षिप्त वक्तव्य दिन समय उपलब्ध गराएको जानकारी गराउनु भयो ।

त्यसपछि मा० श्री अमनलाल मोदीले आफ्नो विरोधको प्रस्ताव फिर्ता लिनुभएको र बाँकी मा० सदस्यहरुले पेश गर्नुभएको विधेयक फिर्ता लिने प्रस्तावमाथिको विरोधको प्रस्ताव अस्वीकृत भएकोले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले राख्नुभएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७५" फिर्ता लिने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री गिरिराजमणि पोखरेल
३. मा० श्री घनश्याम खतिवडा
४. मा० श्री मोहन बानियां
५. मा० श्री राजेन्द्र प्रसाद गौतम
६. मा० श्री शेरबहादुर तामाङ्ग
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री छक्क बहादुर लामा
९. मा० श्री नारायण प्रसाद खतिवडा
१०. मा० श्री विन्दा पाण्डे

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभामा उत्पत्ति भएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार २७ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:५० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव